- **प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न**

(२०८२ मंसिर०१ गते):

मिति २०८२ कात्तिक १२ गते बाट सञ्चालन भईरहेको भिड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) तालिम १०२ औं समूहको पाठ्यक्रम कार्यतालिका बमोजिम मिति २०८२ मंसिर ०१ गते धरान उपमहानगरपालिका वडा नं. ०४, अमर हाट देखि धरान उपमहानगरपालिका वडा नं. ०४ स्थित शिव जट्टा मन्दिर सम्म प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी निरीक्षक/ तालीम संयोजक प्रहरी निरीक्षक दिपक खरलज्यू ,जुनियर प्रहरी अधिकृत,प्रशिक्षक वर्ग एवं प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो।



- **अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०६ औं समूहको उद्घाटन कार्यक्रम सम्पन्न**

(२०८२ मंसिर ०३ गते):

मिति २०८२ भदौ १२ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको २६ कार्यदिन अवधिको अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०६ समूहको तालिम संयोजक प्रहरी निरीक्षक ऋषिराज ढकालज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।



- **भिड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) तालिम १०२ औं समूहको समापन कार्यक्रम सम्पन्न**

(२०८२ मंसिर ०४ गते):

मिति २०८२ मंसिर १२ गतेबाट यस तालिम केन्द्रमा संचालित १९ कार्यदिन अवधिको भिड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) तालिम १०२ औं समूहको आज मिति २०८२ मंसिर ०४ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो। साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिँदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो। उक्त कार्यक्रममा सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू,प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू, तालिम संयोजक प्रहरी निरीक्षक दिपक खरेलज्यू, प्रहरी निरीक्षक आयुष ढुङ्गानाज्यू, प्रहरी निरीक्षक नरेन्द्र बहादुर सिंहज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्गहरु, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **कोशी प्रदेश प्रहरी तालिम केन्द्रको ५९ औं वार्षिकोत्सव: खेलकुद प्रतियोगिताको उद्घाटन कार्यक्रम सम्पन्न**

(मिति: २०८२ मंसिर १२ गते):

कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरको ५९ औं वार्षिकोत्सव २०८२ मंसिर २८ गते भव्यताका साथ मनाउने सन्दर्भमा आज मिति २०८२ मंसिर १२ गते केन्द्रमा आयोजित खेलकुद प्रतियोगिताहरूको औपचारिक उद्घाटन कार्यक्रम सम्पन्न भएको छ।

यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक श्रद्धेय श्रीमान् गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रमको शुभारम्भ भयो। समादेशकज्यूले उद्घाटनको क्रममा रेफ्रीलाई खेलकुद सामाग्रीहरू हस्तान्तरण गरी टेबल टेनिस प्रतियोगिता (डबल्स) को औपचारिक सुरुवात गर्नुभएको थियो।

उद्घाटन मन्तव्यका क्रममा समादेशकज्यूले खेलकुदको महत्त्वमाथि प्रकाश पार्नुका साथै सम्पूर्ण खेलाडीहरूलाई उच्च अनुशासन कायम राख्दै आपसी भाइचारा र मनोरञ्जनका साथ प्रतियोगितामा सहभागी हुन निर्देशन दिनुभयो। उहाँले सम्पूर्ण सहभागीहरूलाई सफल र स्वस्थ प्रतिस्पर्धाका लागि शुभकामना समेत प्रदान गर्नुभयो।

उक्त उद्घाटन समारोहमा यस केन्द्रका प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू लगायत केन्द्रका प्रहरी निरीक्षकज्यूहरू, सकल दर्जाका प्रहरी कर्मचारीहरू र खेलाडीहरूको उत्साहजनक उपस्थिति रहेको थियो।



- **शुभ जन्मोत्सवको शुभकामना आदान प्रदान र स्वागत एवं साँस्कृतिक कार्यक्रम सम्पन्न**

(२०८२ मंसिर १४ गते):

यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा मंसिर महिनामा जन्मदिन पर्ने यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी कर्मचारीहरु,सेवाकालिन तालिम तथा आधारभुत तालिममा प्रशिक्षणरत प्रशिक्षार्थीहरूको सामूहिक रूपमा जन्मोत्सवको शुभकामना आदान प्रदान कार्यक्रम र यस केन्द्रको अतिरिक्त क्रियाकलाप अन्तर्गत विविध साँस्कृतिक कार्यक्रम सम्पन्न भयो।

सोहि कार्यक्रममा प्रहरी जवान आधारभूत तालिम ४-१४२ औं समूहको प्रशिक्षार्थीहरुलाई स्वागत समेत गरिएको थियो।

उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षकज्यूहरु, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायतका प्रहरी कर्मचारीहरु र यस केन्द्रमा प्रशिक्षणरत प्रहरी जवान आधारभुत तथा उन्नत तालिमका प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **अवकाश प्राप्त प्रहरी कर्मचारीहरूको बिदाइ कार्यक्रम सम्पन्न:**

(१५ मंसिर २०८२, विराटनगर):

प्रहरी सेवामा लामो समयसम्म समर्पित भई ३० वर्षको गौरवमय सेवा अवधि पूरा गर्नुभई आज मिति २०८२ मंसिर १५ गते अनिवार्य अवकाश हुनुभएका प्रहरी नायव निरीक्षक (प्र.ना.नि.) डिल्ली राम बि.क., प्र.ना.नि. राजकुमार खड्का र प्र.ना.नि. शिव कुमार नेवार,त्यस्तै गरि प्रहरी सेवामा दिर्घकाल सम्म सेवा गर्नुभई स्वेच्छिक अवकास लीनुभएका प्रहरी वरिष्ठ नायव निरीक्षक (प्र.व.ना.नि.) मानदेव कुमार भगत खवास र प्र.ना.नि. मधुकर नेपाली लाई यस केन्द्रमा आयोजित एक विशेष समारोहका बीच बिदाइ तथा सम्मान गरियो।

यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा अवकाश प्राप्त गर्नुहुने सम्पूर्ण कर्मचारीहरूलाई अविर, खदा, र माला लगाई सम्मान गरिएको थियो। प्रमुख अतिथिज्यूले उहाँहरूलाई सम्मान-पत्र र मायाको चिनो प्रदान गर्नुका साथै उहाँहरूको सफल एवं सुखद निवृत्त जीवनको हार्दिक शुभकामना व्यक्त गर्नुभयो।

प्रमुख अतिथिज्यूले बिदाइ भई जान लाग्नु भएका सम्पूर्ण प्रहरी कर्मचारीहरूले यस कार्यालयमा कार्यरत रहँदा कार्यसम्पादनमा देखाउनुभएको उच्च समर्पण, सद्भाव, सदिक्षा र विश्वासप्रति कृतज्ञता व्यक्त गर्दै गहन आभारसहित धन्यवाद ज्ञापन गर्नुभयो।

ऊक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षकज्यूहरु,जुनियर प्रहरी अधिकृतज्यूहरु,र प्रहरी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो ।



- **"धन्यवाद तथा फेरी भेटौंला" कार्यक्रम सम्पन्न**

(२०८२ मंसिर १५ गते):

यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरमा मिति २०८१ माघ २७ गते देखि सञ्चालनरत प्रहरी जवान आधारभूत तालिम ४-१४१ औं समूहको मिति २०८२ कात्तिक १९ गते देखि मिति २०८२ मंसिर १३ गतेसम्म सञ्चालन भएको २१ कार्यदिन अवधिको प्रहरी युक्ति तथा कारवाही (युद्धकला अभ्यास) सम्बन्धि तालिममा प्रशिक्षार्थीहरुलाई अतिथि प्रशिक्षकको रुपमा कोशि प्रदेश प्रहरी गण विराटनगरबाट विषय-विज्ञ प्रशिक्षकको रुपमा खटिई आउनु भई आवश्यक ज्ञान तथा सीप प्रदान गर्दै आफुलाई तोकिएको जिम्मेवारी उत्कृष्ट रुपमा निर्वाह गर्नु भएको हुदाँ प्रशिक्षक समुहलाई एक कार्यक्रमका बिच "धन्यवाद तथा फेरि भेटौंला" कार्यक्रम सम्पन्न गरियो ।

यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रशिक्षक समुहलाई अविर तथा खदा लगाई सम्मान गरिएको थियो । प्रमुख अतिथिज्यूले उहाँहरूलाई धन्यवाद स्वरुप प्रशंसा-पत्र प्रदान गर्नुका साथै उहाँहरूको व्यवसायीक तथा व्यक्तिगत जीवनमा सफलता प्राप्ति होस् भनि शुभकामना समेत व्यक्त गर्नु भयो ।

प्रमुख अतिथिज्यूले प्रशिक्षक समुहद्वारा यस कार्यालयमा कार्यरत रहँदा कार्यसम्पादनमा देखाउनुभएको उच्च समर्पण, सद्भाव र व्यवसायीकता प्रति कृतज्ञता व्यक्त गर्दै आभारसहित धन्यवाद ज्ञापन गर्नुभयो ।

ऊक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षकज्यूहरु,जुनियर प्रहरी अधिकृतज्यूहरु र प्रहरी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो ।



- **प्रहरी जवान आधारभूत तालिम ४-१४२ औं समूह उद्घाटन कार्यक्रम सम्पन्न**

(२०८२ मंसिर १७ गते):

मिति २०८२ मंसिर १७ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको २३४ कार्यदिन अवधिको प्रहरी जवान आधारभूत तालिम ४-१४२ औं समूहको यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यतामा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।

उक्त कार्यक्रममा प्रहरी निरीक्षकज्यूहरु, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थी समेतको उपस्थिति रहेको थियो ।



- **वित्तीय साक्षरता कार्यक्रम सम्पन्न**

(२०८२ मंसिर १६ गते):

आज मिति २०८२/०८/१६ गते कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरमा प्रहरी जवान आधारभूत तालिम ४-१४२ औं समूहको प्रशिक्षार्थीहरुका लाई राष्ट्रिय वाणिज्य बैंक प्रादेशिक कार्यालय, कोशी प्रदेशका मुख्य प्रवन्धक हेमराज खरेलज्यू र शाखा कार्यालय सुख्खा वन्दरगाहा विराटनगरका शाखा प्रवन्धक प्रवेश खड्गीज्यू सहित अन्य कर्मचारीहरुको उपस्थितिमा एक दिवसीय "वितिय साक्षरता कार्यक्रम" सम्पन्न गरियो ।

उक्त कार्यक्रममा यस तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, प्रहरी निरिक्षक ऋषि राज ढकालज्यू, जुनियर प्रहरी अधिकृत, प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थी समेतको उपस्थिती रहेको थियो ।



- **Nutrition & Hygiene सम्बन्धी अभिमुखिकरण कार्यक्रम**

(२०८२ मंसिर १७ गते):

स्वास्थ जीवनशैली अपनाउन प्रेरित गराउने उद्देश्य अनुरुप मिति २०८२ मंसिर १७ गते कोशी प्रदेश प्रहरी अस्पताल, ईनरुवा, सुनसरीका प्रा.प्र.नि.डा. शीर्जङ तामाङबाट नव प्रवेशी प्रहरी जवान आधारभूत तालिम ४–१४२ औं समूहका प्रशिक्षार्थीहरुलाई **Nutrition & Hygiene** संग सम्बन्धित विषयमा जनारीमूलक अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो।



**५९ औं वार्षिकोत्सवको अवसरमा आयोजित Run with Fun कार्यक्रम सम्पन्न**

(२०८२ मिंसर १९ गते):

कोशी प्रदेश प्रहरी तालिम केन्द्रको ५९ औं वार्षिक उत्सवको अवसरमा मिति २०८२ मंसिर १९ गते यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको उपस्थितमा यस केन्द्रमा कार्यरत सम्पुर्ण प्रहरी कर्मचारी (प्रशिक्षक वर्ग तथा यस केन्द्रमा संचालन भई रहेको तालिममा तालिमरत प्रशिक्षार्थीहरू ) सहभागी भई १३ किलो मिटर लामो दौड गरी Run with fun कार्यक्रम सम्पन गरीयो।

उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका प्र.नि. ऋषि राज ढकालज्यू लगायत यस केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरू मध्ये डिउटी वाहेक ५० जना, प्रशिक्षार्थीहरू २३० जना गरी जम्मा २८० जना प्रहरी कर्मचारीहरूको सहभागिता रहेको थियो।



- **५९ औं वार्षिकउत्सवको अवसरमा नि:शुल्क स्वास्थ्य शिविर एवं सचेतनामूलक कार्यक्रम सम्पन्न**

(२०८२ मंसिर २४ गते):

कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरको ५९ औं वार्षिकोत्सव २०८२ मंसिर २८ गते भव्यताका साथ मनाउने सन्दर्भमा आज मिति २०८२ मंसिर २४ गते कोशी प्रदेश प्रहरी अस्पताल इनरूवा सुनसरी र विराट नर्सिङ होम प्रा.लि. विराटनगर मोरङको सहकार्यमा कोशी प्रदेश प्रहरी अस्पताल सुनसरीका प्रमुख प्राविधिक प्र.ना.उ. डा.सरोज सिंह, सहितको चिकित्सक टोलीबाट आज मिति २०८२/०८/२४ गते यस तालिम केन्द्रमा एक दिने नि:शुल्क स्वास्थ्य शिविर एवं सचेतनामूलक कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्र.व.उ. गोविन्द अधिकारीज्यू, सह-समादेशक प्र.ना.उ. गुरू प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू लगायत प्रशिक्षक वर्ग एवं प्रहरी जवान आधारभूत तालिमका प्रशिक्षार्थीहरू समेतको उपस्थिति रहेको थियो।



- **५९ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न**:

(२०८२ मंसिर २८ गते):

यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरको ५९ औं वार्षिकोत्सवको अवसरमा आयोजित वार्षिकोत्सव समारोह आज मिति २०८२ मंसिर २८ गते कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक श्रद्धेय श्रीमान् बिनोद घिमिरेज्यूको प्रमुख आतिथ्यमा सु-सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यूले यस तालिम केन्द्रको बार्षिक गतिविधि सहितको स्वागत मन्तव्य प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा प्रमुख अतिथिज्यूबाट लेखरचनाहरू समेटिएको स्मारिका "प्रहरी जवान" अंक-२३" को विमोचन गरी अवकास प्राप्त प्रहरी नायव निरीक्षक बुद्दी राज दरैज्यूलाई दोसल्ला ओढाएर सम्मान पत्र समेत प्रदान गर्नु भएको थियो। प्रमुख अतिथिज्युद्वारा तालिमकेन्द्रको बिबिध गतिविधिमा उल्लेख्य सहयोग पुर्याउनुहुने महानु भावहरुलाई कदर पत्र वितरण र उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई पुरस्कार बितरण समेत गर्नु भएको थियो। ५९ औं वार्षिकोत्सवको अवसरमा यस तालिम केन्द्रद्वारा आयोजित विभिन्न खेलमा विजेता प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथीज्यूले पुरस्कार तथा प्रमाण पत्र वितरण गर्नु भई उपस्थित सबैमा सम्बोधन समेत गर्नु भएको थियो। उक्त कार्यक्रममा हरिनगरा गाँउपालिका, सुनसरीका अध्यक्ष श्री गफार अन्सारीज्यू, बर्जु गाँउपालिका सुनसरीका अध्यक्ष श्री जिवछ कुमार रायज्यू, यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशका उपाध्यक्ष साथै पदाधिकारीहरु, नेपाल प्रहरी प्रदेश कार्यालय,धरान सुनसरीका प्रहरी वरिष्ठ उपरीक्षक ज्ञानेन्द्र प्रसाद फुयालज्यू, तालुक कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक दिपक पोखरेलज्यू, सशस्त्र प्रहरी बल नेपाल पाथिभरा जवान शिक्षालय,झापाका प्रमुख सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक रमेश कुमार पाण्डेज्यू, प्रहरी उपरीक्षकज्यूहरू, प्रहरी नायव उपरीक्षकज्यूहरू, प्रहरी निरीक्षकज्यूहरू, स्थानीय विद्यालयका शिक्षक तथा विद्यार्थीहरू, अवकास प्राप्त प्रहरी कर्मचारीहरू,सञ्चारकर्मीहरू,विभिन्न क्षेत्रबाट यस केन्द्रको प्रशिक्षण गतिविधिलाई सहयोग गर्नुहुने सहयोगी व्यक्तित्वहरू,स्थानीय बुद्धिजिवी लगायत जुनियर प्रहरी

अधिकृत तथा प्रहरी कर्मचारीहरु र प्रशिक्षणरत प्रहरी जवान आधारभुत तथा उन्नत तालिमका प्रशिक्षार्थीहरु समेतको उपस्थित रहेको थियो।

कार्यक्रमको अन्त्यमा यस तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूबाट प्रमुख अतिथिज्यू लगायत उपस्थित अतिथि महानुभावहरुमा धन्यवाद ज्ञापन गर्नु भएको थियो।

